नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं

शिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०२)

यस कृषि, वन तथा पर्यावरण मन्त्रालयको कार्यालय भवनमा जडान भई हाल बिग्रिएको अवस्थामा रहेको लिफ्ट मर्मत सम्भार (Lift Repair and Maintenance) कार्यका लागि इजाजतप्राप्त राष्ट्रिय स्तरका फर्म/कम्पनीहरूबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना https://moafe.gov.np मा प्रकाशित गरिएको छ।

शर्त तथा विवरणहरूः

- लिखित निवेदनका साथ मु.अ.कर दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र कालोसूचीमा नपरेको तथा खरिदमा भाग लिन कुनै कानूनले अयोग्य नभएको भनि स्वघोषणापत्र सहित तोकिएको दस्तुर (रु एक हजार मात्र) बुझाई मिति २०८३/०६/०८ गते कार्यालय समय भित्र यस मन्त्रालयबाट दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ। दरभाउपत्र सम्बन्धी कागजको दस्तुर माथि उल्लेख भए बमोजिम (फिर्ता नहुने गरी) राष्ट्रिय वाणिज्य बैंकमा रहेको कृषि, वन तथा पर्यावरण मन्त्रालयको राजश्व खाता नं. १०००१००२०००१०००० को शिर्षक नं १४२२९ मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी दरभाउपत्रसाथ अनिवार्य पेश गर्नु पर्नेछ।
- दरभाउपत्र जमानत वापतको रकम यस मन्त्रालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं. १९६०१००१०२०३०००० कार्यालयको कोड ३१२००३५०१ मा रु. १७०००/- (सत्र हजार मात्र) दरभाउपत्र जमानत रकम नगद जम्मा गरेको सक्कलै भौचर वा सो रकम बराबरको मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंक वा वित्तिय संस्थाले यस मन्त्रालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कल विड वण्ड जमानत पेश गर्नुपर्नेछ। उक्त विड वण्डको समयावधी दरभाउपत्रको मान्य अवधि भन्दा ३० दिन बढीको हुनुपर्नेछ।
- दरभाउपत्र सम्बन्धी कागजात मिति २०८३/०६/०९ गते १२:०० बजे भित्र यस मन्त्रालयको जिन्सी शाखामा दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएको शिलबन्दी दरभाउपत्र फारामहरु मिति २०८३/०६/०९ गते २:०० बजे सम्बन्धित निकायका प्रतिनिधि, दरभाउपत्रदाता वा प्रतिनिधि एवम् यस मन्त्रालयका पदाधिकारीको रोहबरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि खोल्ने कार्यमा कुनै वाधा पर्ने छैन।
- माथि उल्लेखित सेवा उपलब्ध गराउन इच्छुक व्यवसायी, सप्लायर्स, कम्पनी तथा फर्महरुबाट दरभाउपत्र खरिद गरी रितपुर्वक सहिछाप गरी गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।
- दरभाउपत्र सम्बन्धी कागजात किन्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट सोही समयमा सम्बन्धित कार्य गरिने छ।

शाखा अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- शिलवन्दी दरभाउपत्र भर्दा अंक र अक्षर दुवैमा स्पष्ट रुपमा लेखुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। साथै केरमेट भएको ठाँउमा सहि छाप हुनुपर्नेछ।
- यस मन्त्रालयमा रित नपुगी र म्याद नाघी प्राप्त भएका र सशर्त पेश भएका दरभाउपत्र उपर कुनै कारवाही हुने छैन। दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा सुरक्षित हुनेछ।
- सारभूतरुपमा प्रभावग्राही रहेका दरभाउपत्रहरु मध्ये सवैभन्दा घटी कबोल गर्ने दरभाउपत्र ऐनको दफा ४० को उपदफा (५) बमोजिम स्वीकृत गरिनेछ।
- दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयको फोन नः ०१-४२०००४२ मा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिनेछ। शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य सम्पुर्ण कामकारवाही सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछन्।

२०८२/०६/०२

शाखा अधिकृत